स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता जितु नेपाल (मुन्द्रे) दीपक(दीपा समूहमा रहँदा असफलता भन्ने नै देखेनन् । उनले सहकार्य गरेका "छ एकान छ"देखि "छ माया छपक्कै"सम्म सबै व्यावसायिक रूपमा सफल भए । त्यसबाट उनको आम्दानी पनि राम्रो भयो । तर, महानायक विवादपछि उनी दीपक(दीपा समूहबाट अलगिए । यसपछि उनको करिअर पनि ओरालो लाग्न थालेको छ । यसपछि फिल्ममा केन्द्रित भएका उनलाई गएको तीन वर्षमा असफलता मात्र हात परेको छ ।

**आजको विचार...**



दुर्भाग्य...
(दुई पेजमा)

प्रा. देवीभक्त ढकाल



अभिनेत्री मलिका महत पछिल्लो समय चलचित्र "आ बाट आमा २"का कारण चर्चामा छिन् । चलचित्रमा उनको अभिनय रहेको छ भने निर्माण पक्षले प्रचारप्रसारलाई तीव्रता दिँदै नयाँ गीत "अचेल किन कान्छी" सार्वजनिक गरेको छ । मंगलबार सार्वजनिक गरिएको गीतको भिडियोमा मलिका महतसँगै अभिनेता पल शाह र आकाश श्रेष्ठलाई देख्न सकिन्छ । डान्सिङ शैलीको गीतमा कलाकारहरूले सामूहिक रूपमा नृत्य गरेका छन् । गीत सार्वजनिक भएसँगै चलचित्रप्रति दर्शकको चासो थप बढेको निर्माण पक्षको अपेक्षा छ ।

❐ वर्ष ३२ ❐ अंक ७६ ❐ २०८३ असोज १५ गते बिहीबार 1 October 2026, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### सहकर्मीमाथि गोली चलाउँदा ४ जनाको मृत्यु

**एजेन्सी**

**काठमाडौँ,** असोज १४/भारतको जम्मू-कश्मीरस्थित कठुआमा केन्द्रीय औद्योगिक सुरक्षा बल (सीआईएसएफ) का एक जवानले सहकर्मीमाथि गोली चलाउँदा चार जनाको मृत्यु भएको छ । मंगलबार साँझ बसोहलीस्थित पावर प्रोजेक्टको सुरक्षामा खटिएका जवान अभिदेश कुमार सिंहले सरकारी एके-४७ राइफलबाट गोली चलाएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । घटनामा सहायक कमान्डेन्ट अंकित कुमार पाण्डे, सब-इन्स्पेक्टर लक्ष्मण सिंह तथा कन्स्टेबल रफिक अहमद र सन्दीप कुमारको मृत्यु भएको छ । प्रहरीले अभिदेशलाई नियन्त्रणमा लिएर पक्राउ गरेको छ । घटनापछि सीआईएसएफ मुख्यालयले छानबिनका लागि कोर्ट अफ इन्क्वायरी गठन गर्ने प्रक्रिया अघि बढाएको छ । भारतीय सञ्चारमाध्यमका अनुसार अभिदेश आफ्नी पत्नी पूजा र उनको बच्चालाई क्वार्टर गार्डमा प्रवेश गराउने विषयमा भएको विवादपछि मेस सेक्सनमा पुगेका थिए । त्यहाँ रहेका चार जवानमाथि उनले गोली चलाएको बताइएको छ ।

# गौतम बुद्ध विमानस्थल अन्तर्राष्ट्रिय उडानको प्रतीक्षामा, निजी क्षेत्रको आशा नयाँ सरकारतिर

**राष्ट्रिय समाचार समिति (रासस)**

**रुपन्देही,** असोज १४/मुलुकको पर्यटन तथा हवाई पूर्वाधार विस्तारका लागि राज्यले धेरै लगानीमा निर्माण गरेको गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल नियमित अन्तरराष्ट्रिय उडानको पर्खाइमा रहेको छ । विमानस्थल निर्माण सम्पन्न भई सञ्चालनमा आएको साढे चार वर्ष पुग्न लाग्दासमेत नियमित अन्तरराष्ट्रिय उडान हुन नसक्दा विमानस्थलको भविष्यलाई लिएर रुपन्देहीको निजी क्षेत्र र स्थानीय बासिन्दामा पुन: चिन्ता बढेको छ ।

विमानस्थललाई केन्द्रमा राखेर होटल, पर्यटन, यातायात तथा विभिन्न उद्योग व्यवसायमा ठूलो लगानी गरेका व्यवसायीले नियमित अन्तरराष्ट्रिय उडानका लागि पटकपटक सरकारको ध्यानाकर्षण गराउँदै आएका छन् । प्रधानमन्त्री, पर्यटनमन्त्री, सैँय सांसद तथा सम्बन्धित मन्त्रालय र निकायसमक्ष ज्ञापनपत्र, छलफल, धर्ना र आन्दोलनमार्फत माग राख्दै आए पनि



अपेक्षित परिणाम नआएको व्यवसायीको गुनासो छ । राज्यले करिब रु ३५ अर्ब लगानी गरेर निर्माण गरेको विमानस्थलबाट अन्तरराष्ट्रिय उडान नियमित हुन नसक्दा निजी क्षेत्रको लगानीसमेत जोखिममा परेको व्यवसायी बताउँछन् । विमानस्थल सञ्चालनमा आउने अपेक्षामा भैरहवा र आसपासका क्षेत्रमा होटल, पर्यटन पूर्वाधार, यातायात तथा अन्य व्यवसायमा ठूलो लगानी भए पनि नियमित हवाई सम्पर्कको अभावमा त्यसबाट अपेक्षित प्रतिफल लिन नसकिएको उनीहरूको भनाइ छ । पर्यटन व्यवसायी तथा नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) लुम्बिनीका पूर्वअध्यक्ष सागर अधिकारीका अनुसार विमानस्थललाई केन्द्रमा राखेर निजी क्षेत्रले गरेको लगानी राज्यको लगानीभन्दा दोब्बर बढी छ । "विमानस्थल सञ्चालनमा आउँछ, नियमित अन्तरराष्ट्रिय उडान हुन्छ र लुम्बिनीमा पर्यटकको आगमन बढ्छ भन्ने विश्वासमा निजी क्षेत्रले लगानी गरेको हो । तर, लामो समयदेखि नियमित उडान नहुँदा लगानीबाट अपेक्षित प्रतिफल आउन सकेको छैन", उनले भने ।

विमानस्थल सञ्चालनमा आएदेखि नै व्यवसायीले तत्कालीन विभिन्न सरकारसँग अन्तरराष्ट्रिय उडान नियमित गराउन आग्रह गर्दै आएका छन् । तत्कालीन प्रधानमन्त्रीहरू केपी शर्मा ओली, पुष्पकमल दाहाल 'प्रचण्ड' र शेरबहादुर देउवासमक्ष समेत व्यवसायीले कम्तीमा एउटा वायुसेवाबाट नियमित उडान सुरु गराउन माग राखेका थिए । विभिन्न समयमा केही वायुसेवा कम्पनीले अन्तरराष्ट्रिय उडान गरे पनि ती उडान निरन्तर हुन सकेनन् । नियमित उडानका लागि निजी क्षेत्रले गरेको दबाबका बाबजुद समस्या समाधान हुन नसकेको सिद्धार्थ उद्योग वाणिज्य सैंका अध्यक्ष नेत्रप्रसाद आचार्यले बताए । उनका अनुसार पछिल्लो राजनीतिक परिवर्तनपछि निजी क्षेत्रमा नयाँ सरकारबाट केही आशा पलाएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

# आज राष्ट्रिय चलचित्र दिवस मनाइँदै

**पाल्पा,** असोज १४ / नेपाली चलचित्र क्षेत्रको योगदान, इतिहास र महत्वलाई स्मरण गर्दै आज राष्ट्रिय चलचित्र दिवस मनाइँदैछ । नेपाली चलचित्रको विकास, प्रवर्द्धन तथा यस क्षेत्रमा संलग्न कलाकार, निर्माता, निर्देशक, प्राविधिक र अन्य श्रमिकको योगदानलाई सम्मान गर्ने उद्देश्यले विभिन्न कार्यक्रम आयोजना गरिँदैछ ।

गत वर्षदेखि प्रत्येक वर्ष असोज १५ गते यो दिवस मनाउने गरिन्छ । नेपाल चलचित्र विकास बोर्डको २५ औं वार्षिकोत्सवको अवसरमा दिवस मनाउने घोषणा गरिएको थियो । सोही अनुरुप आज देशभर यो दिवस मनाइँदै छ । यसअघि असोज १ गतेलाई राष्ट्रिय चलचित्र दिवस मनाउने भनिए पनि असोज १५ घोषणा गरिएको हो । राष्ट्रिय चलचित्र दिवसका अवसरमा चलचित्र प्रदर्शन, अन्तरक्रिया, सम्मान तथा सांस्कृतिक कार्यक्रमलगायतका गतिविधि आयोजना हुने गरेका छन् । दिवसले नेपाली चलचित्रको वर्तमान अवस्था, यसले सामना गरिरहेका चुनौती तथा आगामी सम्भावनाबारे बहस गर्ने अवसरसमेत प्रदान गर्ने अपेक्षा गरिएको छ । नेपालमा चलचित्र निर्माणको इतिहास लामो भए पनि पछिल्लो समय प्रविधिको विकाससँगै नेपाली चलचित्रको निर्माण शैली, विषयवस्तु र प्रस्तुतीकरणमा समेत परिवर्तन आएको छ । नयाँ पुस्ताका कलाकार तथा प्राविधिकको प्रवेशसँगै चलचित्र क्षेत्रमा नयाँ प्रयोग र प्रवृत्ति देखिन थालेका छन् । चलचित्रकर्मीहरूले भने नेपाली चलचित्रको विकासका लागि गुणस्तरीय तथा मौलिक कथावस्तु, दक्ष जनशक्ति, प्रविधिको उचित प्रयोग र व्यवस्थित बजार आवश्यक रहेको बताउँदै आएका छन् । चलचित्र क्षेत्रलाई उद्योगका रूपमा थप व्यवस्थित बनाउन राज्य तथा निजी क्षेत्रबाट प्रभावकारी पहल आवश्यक रहेको उनीहरूको भनाइ छ । राष्ट्रिय चलचित्र दिवसले नेपाली चलचित्रको विगतको समीक्षा गर्दै यसको भविष्यबारे सोच्ने अवसर प्रदान गर्ने विश्वास गरिएको छ ।

# आज अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाइँदै

**पाल्पा,** असोज १४/ आज अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदै छ । जेष्ठ नागरिकको सम्मान, अधिकार र सामाजिक सुरक्षाप्रति जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले यो दिवस मनाउन लागिएको हो ।




संयुक्त राष्ट्रसंघले सन् १९९० मा अक्टोबर १ लाई अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवसका रूपमा मनाउने निर्णय गरेपछि हरेक वर्ष यो दिवस विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदै आएको छ । जेष्ठ नागरिकको योगदानको सम्मान गर्दै उनीहरूका अधिकार, स्वास्थ्य, सामाजिक सुरक्षा तथा मर्यादित जीवनका विषयमा ध्यानाकर्षण गराउनु दिवसको मुख्य उद्देश्य हो । नेपालमा पनि दिवसका अवसरमा विभिन्न सरकारी तथा गैरसरकारी संस्था, स्थानीय तह र ज्येष्ठ नागरिकसम्बन्धी संघसंस्थाले जनचेतनामूलक कार्यक्रम, सम्मान तथा अन्तरक्रिया आयोजना गर्दै आएका छन् । बढ्दो उमेरसँगै जेष्ठ नागरिकले स्वास्थ्य सेवा, आर्थिक सुरक्षा, पारिवारिक हेरचाह तथा सामाजिक सहभागिताका क्षेत्रमा विभिन्न चुनौती सामना गर्नुपर्ने अवस्था रहेको छ ।

उनीहरूको अनुभव, ज्ञान र सीपलाई समाजको विकासमा उपयोग गर्दै सम्मानजनक र सुरक्षित जीवन सुनिश्चित गर्नुपर्नेमा सरोकारवालाले जोड दिँदै आएका छन् । जेष्ठ नागरिकलाई परिवार र समाजको बोझका रूपमा नभई अनुभव र ज्ञानका महत्वपूर्ण स्रोतका रूपमा हेर्नुपर्ने आवश्यकता रहेको छ । उनीहरूको सामाजिक सुरक्षा, स्वास्थ्य उपचारमा पहुँच, उचित हेरचाह र निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गर्न राज्य, परिवार र समुदायको संयुक्त भूमिका आवश्यक देखिन्छ । यस वर्षको दिवसले पनि जेष्ठ नागरिकप्रति सम्मान र सद्भाव अभिवृद्धि गर्दै उनीहरूको अधिकार र मर्यादित जीवन सुनिश्चित गर्न सबै पक्षलाई थप जिम्मेवार बन्न प्रेरित गर्ने अपेक्षा गरिएको छ । पछिल्लो केही वर्षदेखि जेष्ठ नागरिकका हक अधिकारमा उल्लेख्य प्रगति हुँदै गए पनि समाजमा जेष्ठ नागरिकलाई अपमान गर्ने घट्ना भने बढिरहेका छन् । जेष्ठ नागरिकमाथि आपसी विश्वासघात, शारीरिक वा मनोवैज्ञानिक क्षति, आर्थिक बेवास्ता, यौनजन्य दुर्व्यवहार, बेवारिस पार्नु र अधिकारका लागि सडकमा उत्रन बाध्य हुनु प्रमुख समस्याका रूपमा देखिएको छ । सरकारले २०५१ सालदेखि मासिक जेष्ठ नागरिक भत्ता दिँदै आएको छ । जेष्ठ नागरिक परिचयपत्र वितरण गरी सार्वजनिक सवारीसाधनमा जेष्ठ नागरिकका लागि दुईवटा सिट आरक्षण गरिएको भाडामा ५० प्रतिशत छुट दिने व्यवस्था छ । तर सहज रुपमा कार्यान्वयन हुन सकिरहेको छैन् । सरकार स्वयंले जेष्ठ नागरिकलाई दिइएका सुविधा र सुरक्षा पर्याप्त छैन ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## जेष्ठ नागरिक दिवसको सन्दर्भ

जेष्ठ नागरिकहरुको सम्मान स्वरुप आज अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवस मनाइँदै छ । सन् १९९१ देखि हरेक वर्ष अक्टोबर १ मा अन्तर्राष्ट्रिय यो दिवस मनाउने गरिन्छ । जेष्ठ नागरिकहरुलाई सम्मान र अधिकारमा पहुँच पुऱ्याउने उद्देश्यका साथ संयुक्त राष्ट्रसंघको आह्वानमा विश्वभर यो दिवस मनाउने गरिएको हो । तर नेपाली समाजमा अझै पनि जेष्ठ नागरिकहरु अपहेलित हुनु पर्ने अवस्था छ ।

यो दिवस केवल ज्येष्ठ नागरिकलाई सम्मान गर्ने औपचारिक अवसर मात्र होइन, उनीहरूको अधिकार, सुरक्षा, स्वास्थ्य, सामाजिक सहभागिता र सम्मानजनक जीवनका विषयमा राज्य, समाज र परिवारलाई आफ्नो जिम्मेवारी सम्झाउने महत्वपूर्ण दिन पनि हो।ज्येष्ठ नागरिक हाम्रो समाजका अनुभव र ज्ञानका जीवित स्रोत हुन् । उनीहरूले आफ्नो जीवनको लामो समय परिवार, समाज र राष्ट्र निर्माणमा योगदान दिएका हुन्छन् । आज हामीले उपभोग गरिरहेका सामाजिक, आर्थिक र भौतिक उपलब्धिहरूको जग निर्माणमा उनीहरूको श्रम, त्याग र अनुभव जोडिएको छ । त्यसैले वृद्ध हुँदैमा व्यक्तिको महत्व घट्दैन, बरु जीवनभरको अनुभवले उनीहरूलाई समाजका लागि अझ महत्वपूर्ण बनाउँछ । तर बदलिँदो पारिवारिक संरचना, वैदेशिक रोजगारी, शहरीकरण र बढ्दो व्यक्तिवादी जीवनशैलीका कारण धेरै जेष्ठ नागरिकले एक्लोपन, उपेक्षा, आर्थिक असुरक्षा र पारिवारिक दूरीको सामना गर्नुपरेको छ । कतिपयले नियमित स्वास्थ्य उपचार पाउन सकेका छैनन् भने कतिपय आफ्नै परिवार र समाजमा सम्मानपूर्वक बाँच्न संघर्ष गरिरहेका छन् । यस्तो अवस्था सभ्य र समावेशी समाजका लागि चिन्ताको विषय हो । जेष्ठ नागरिकको संरक्षण केवल राज्यको दायित्व होइन । परिवार, समुदाय र प्रत्येक नागरिकको पनि उत्तिकै जिम्मेवारी छ । परिवारले उनीहरूलाई बोझका रूपमा होइन, सम्मानित सदस्यका रूपमा व्यवहार गर्नुपर्छ । उनीहरूको कुरा सुन्ने, निर्णय प्रक्रियामा सहभागी गराउने र आवश्यकताअनुसार साथ दिने संस्कार विकास गर्न जरुरी छ । त्यसैगरी राज्यले जेष्ठ नागरिकका लागि सामाजिक सुरक्षा, सहज स्वास्थ्य सेवा, सुरक्षित आवास, सार्वजनिक यातायात तथा सामाजिक सहभागिताका अवसरलाई प्रभावकारी बनाउनुपर्छ । जेष्ठ नागरिकमैत्री समाज निर्माण गर्नु कुनै एक पुस्ताका लागि गरिएको काम होइन, यो सबै पुस्ताको भविष्य सुरक्षित गर्ने प्रयास हो । अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवसलाई केवल शुभकामना आदानप्रदान र औपचारिक कार्यक्रममै सीमित नराखौँ ।उनीहरुका अधिकारको सम्मान, उनीहरूको अनुभवको सदुपयोग, सामाजिक सहभागिताको सुनिश्चितता र सम्मानजनक जीवनको वातावरण निर्माणतर्फ ठोस कदम चालौँ । जेष्ठ नागरिकलाई सम्मान गर्ने समाजले आफ्नो इतिहासलाई सम्मान गर्छ र आफ्नो भविष्यलाई पनि सुरक्षित बनाउँछ ।

## Opinion @ Social Network

मिल्ने भए दिमाग र मनलाइ फेरि Restart गर्ने थिए,
अनगिन्ति सोचहरुको भण्डारनले आफैलाइ भित्रैबाट सकाएको महशुस हुन्छ ।
*(मिन मगरको फेसबुक स्टाटसबाट www.facebook.com/Min.Magar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# दुर्भाग्य ! विश्वविद्यालयहरू बौद्धिक बन्ध्याकरणका सारथी



प्रा. देवीभक्त ढकाल

*क्षणिक परीक्षा उत्तीर्ण गर्ने प्राविधिक भोक त मेटाउला तर जीवनभर आफैं ज्ञानको महासागरमा पौडिने सामर्थ्य भने नष्ट गर्छ । अर्कोतर्फ विषयवस्तुको गम्भीर अन्तरवस्तुमा प्रवेश गरी घनीभूत व्याख्या, तर्क, असहमति, खुला छलफलमा सबैलाई सहभागी गराउनुभनेको विद्यार्थीको हातमा बल्छी थमाइदिनु र नयाँ ज्ञान उत्पादन गर्ने कला सिकाउनु हो । दुर्भाग्यवश, हाम्रो उच्चशिक्षा प्रणाली दशकौंदेखि माछो बाँड्ने निरस नोट–संस्कृतिको बन्धक बनेको छ । हाम्रो उच्चशिक्षाको सबैभन्दा ठूलो र घातक संरचनात्मक कमजोरी भनेको 'स्नातकोत्तर उपाधि हासिल गर्नु नै प्राध्यापन गर्नजान्ने स्वतः सिद्ध प्रमाणपत्र भन्ने भ्रमपूर्ण अवैज्ञानिक मानसिकता हो ।*

मानव सभ्यताको इतिहासमा शिक्षालाई सदैव चेतनाको प्रष्फुटन, विचारको मुक्ति र नवीन सम्भावनाको खोजी गर्ने मूलमाध्यम मानिन्छ । प्राचीन उपनिषद्देखि आधुनिक शिक्षाशास्त्रसम्म आइपुग्दा ज्ञानको मर्मलाई एउटै सूत्रमा बाँध्न खोजिएको छ । 'विद्यार्थीलाई मारेको माछो बाँड्ने कि माछो मार्ने बल्छी र सीप सिकाउने ?' यो प्रश्न केवल एउटा दार्शनिक बिम्ब वा साहित्यिक रूपकमात्र होइन, यो मुलुकको उच्चशिक्षा, प्राध्यापनको गुणस्तर, बौद्धिक उत्पादकत्व र राष्ट्रिय समृद्धिसँग जोडिएको सबैभन्दा गम्भीर प्रश्न हो । कक्षाकोठामा शिक्षकले तयार पारिदिएको बासी नोट सार्नु वा बोर्डमा उतारिदिनुभनेको विद्यार्थीको हातमा मारेको माछो थमाइदिनु हो । क्षणिक परीक्षा उत्तीर्ण गर्ने प्राविधिक भोक त मेटाउला तर जीवनभर आफैं ज्ञानको महासागरमा पौडिने सामर्थ्य भने नष्ट गर्छ । अर्कोतर्फ विषयवस्तुको गम्भीर अन्तरवस्तुमा प्रवेश गरी घनीभूत व्याख्या, तर्क, असहमति, खुला छलफलमा सबैलाई सहभागी गराउनुभनेको विद्यार्थीको हातमा बल्छी थमाइदिनु र नयाँ ज्ञान उत्पादन गर्ने कला सिकाउनु हो । दुर्भाग्यवश, हाम्रो उच्चशिक्षा प्रणाली दशकौंदेखि माछो बाँड्ने निरस नोट-संस्कृतिको बन्धक बनेको छ । हाम्रो उच्चशिक्षाको सबैभन्दा ठूलो र घातक संरचनात्मक कमजोरी भनेको 'स्नातकोत्तर उपाधि हासिल गर्नु नै प्राध्यापन गर्नजान्ने स्वतः सिद्ध प्रमाणपत्र भन्ने भ्रमपूर्ण अवैज्ञानिक मानसिकता हो । विषयवस्तुमा स्नातकोत्तर वा विद्यावारिधिको प्रमाणपत्र भनेको सम्बन्धित विषयको केही सूचना र सिद्धान्तहरूसँग परिचित हुनुमात्र हो । कुनै विषयको ज्ञान हुनु र त्यस ज्ञानलाई कक्षाकोठामा विद्यार्थीको मस्तिष्कसम्म पुऱ्याउनु, उनीहरूमा विचारको मन्थन गराउनु र सिकाइप्रति उत्सुकता जगाउनु सर्वथा फरक कुरा हुन् । विश्वविद्यालयमा पढाउन सुरु गर्नुपूर्व कुनै नवप्रवेशी शिक्षकलाई कमसेकम एक महिना भए पनि सम्बन्धित विषयको शिक्षणविधि, परीक्षा प्रणाली, विद्यार्थीको मनोविज्ञान, पेशागत धर्म, नैतिकता र उत्तरदायित्व बारे सघन प्रशिक्षण दिनु अनिवार्य हुन्छ तर हाम्रो विडम्बना, परीक्षा पास गरेको भोलिपल्टै कुनै शिक्षण तालिम वा अभिमूखीकरण कार्यक्रमबिना सोझै कक्षाकोठामा उभ्याइयो । जसका कारण उसले आफ्ना गुरुहरूले ३० वर्षअघि लेखाएका तिनै पुराना नोटहरू बोकेर कक्षामा प्रवेश गऱ्यो र त्यही नोट हस्तान्तरण गर्ने यान्त्रिक परम्परालाई नै 'प्राध्यापन' सम्झिने गम्भीर गल्ती दोहोऱ्याइरह्यो । यस सन्दर्भमा मुलुकको सबैभन्दा पुरानो र ठूलो त्रिभुवन विश्वविद्यालयको विगत साढे तीन दशकको यथार्थलाई नियाल्ने हो भने उच्चशिक्षाभित्रको शैक्षिक र प्रशासनिक कमजोरी अझ नांगो रूपमा अगाडि आउँछ । साढे तीन दशकसम्म निष्ठापूर्वक अध्यापनमा खटिएका प्राध्यापकहरूले समेत आफ्नो सम्पूर्ण सेवाअवधिभर कुनै प्रभावकारी पेशागत वा सेवाकालीन प्रशिक्षणको मुख देख्न नपाउनु गुणस्तरप्रतिको पूर्णतः उपेक्षा हो । विश्वविद्यालयले शिक्षकहरूको बौद्धिक ताजगी, नयाँ शिक्षण पद्धतिको विकास र पेशागत क्षमता अभिवृद्धिका लागि कुनै दूरगामी सोच राखेन । यदि कहिलेकाहिँ दुई-तीन दिनको नाम मात्रको कार्यशाला वा गोष्ठी आयोजना भइहाले पनि त्यसको हालत झनै लाजमर्दो र दुःखद् हुने गर्थ्यो । दुई दिनका लागि तय गरिएका कार्यक्रमलाई पहिलो दिनमै झारा टारेर, औपचारिक भाषणबाजी र भत्ता वितरणमा सीमित गरी दोस्रो दिन घुम्न जाने वा व्यक्तिगत काममा भुल्ने परिपाटीले प्रश्रय पायो । विश्वविद्यालयभित्र ज्ञानको गम्भीर मन्थन, शोध र शिक्षण सुधारको साटो 'हुकुमी शासन', राजनीतिक भागबण्डा, चाटुकारिताको बाहुल्य रह्यो । जहाँ शैक्षिक नेतृत्वले प्राध्यापकको बौद्धिक क्षमताभन्दा उसको राजनीतिक निष्ठाका आधारमा अवसर बाँड्यो । त्यहाँ गुणस्तरीय शिक्षणको परिकल्पना एउटा हास्यास्पद विषय बन्यो । साढे तीनदशकसम्म कुनै तालिम नपाई, हुकुमी शासन र झारा टार्ने संस्कृतिभित्र हुर्किएका शिक्षकहरूले कक्षाकोठामा के दिए त ? यसको उत्तर अत्यन्तै निर्मम छ, ३०-३० वर्षसम्म एउटै पुराना, पहेँलिएका र असान्दर्भिक भइसकेका नोटहरूको निरन्तर पुनरावृत्ति । तीन दशकअघि तयार पारिएको नोटलाई आजको नयाँ पुस्ताको मस्तिष्कमा हुबहु हस्तान्तरणको अभ्यासले शिक्षकलाई ज्ञानको अन्वेषक र मार्गदर्शक होइन, केवल एउटा निरस सूचनाको फोटोकपी मेसिनमा परिणत गरिदियो । ३०औं वर्ष एउटै नोट लेखाउनेहरूबाट उत्पादित जनशक्तिको हातमा ठूला-ठूला डिग्री र प्रमाणपत्र त परे तर उनीहरूसँग विषयको गम्भीर ज्ञान रह्यो न कुनै व्यावहारिक । नोट-संस्कृतिको प्रतिफल चौतर्फी गुणस्तरीयताको खडेरी हो । हाम्रा विश्वविद्यालयहरू हरेक वर्ष हजारौंको संख्यामा स्नातकोत्तर र उच्च डिग्रीधारीहरू उत्पादन गर्ने कारखाना बनेका छन् तर ती डिग्रीहरू व्यावहारिक जीवन र राष्ट्रिय आवश्यकताका अगाडि निष्प्राण कागजका टुक्रा बने । प्रशासनिक निकायमा हेरौं वा नीतिनिर्माणको उपल्लो तहमा, उद्योग र प्रविधिको क्षेत्रमा हेरौं वा कृषि र स्वास्थ्यको क्षेत्रमा सर्वत्र विषयगत विशेषज्ञता, मौलिक सोच, अनुसन्धान गर्ने क्षमता र समस्या समाधान गर्ने कौशलको चरम अनिकाल छ । उच्चशिक्षा हासिल गरेको व्यक्तिले आफ्नै माटो र समाजका समस्या पहिचान गर्नसक्छ न तिनको वैज्ञानिक समाधान दिनसक्छ । हाम्रो समाजमा कलम र कोदालोको समिश्रण वा 'पढ्दै सिक्दैको जुन व्यावहारिक दर्शन थियो, त्यसलाई नोट लेखाउने निरस परिपाटीले पूर्णतः ध्वस्त बनायो । ज्ञान केवल कपीका पाना र भवनका चार भित्ताभित्र कैद हुने वस्तु होइन । ज्ञान त खेतबारीको माटोमा, उत्पादनको श्रममा, समुदायको अनुभवमा र दैनिक जीवनका वास्तविक समस्यासँगको प्रत्यक्ष साक्षात्कारमा निहित हुन्छ । नोट सार्ने अभ्यासले सिद्धान्तलाई प्रयोगबाट पूर्णतः अलग्याइदिएको छ । जसका कारण हाम्रा विद्यार्थीहरू सिद्धान्तका ठूला-ठूला परिभाषा घोक्न सक्षम हुन्छन् तर सिद्धान्तलाई आफ्नो माटो, आफ्नै कृषि, आफ्नै अर्थतन्त्र र आफ्नै समाजको रूपान्तरणमा कसरी प्रयोग गर्ने भन्ने कुरामा सर्वथा अनभिज्ञ रहन्छन् । पूर्वीय दर्शन र ज्ञानमीमांसाको आलोकमा हेर्दा ज्ञान प्राप्तिको यात्रा भनेको मन्थन र आत्मबोधको यात्रा हो । हाम्रा प्राचीन ऋषिमुनिहरूले शास्त्रार्थलाई ज्ञान परिमार्जनको सर्वोच्च माध्यम मानेका थिए । उपनिषद्का संवादहरू हेर्ने हो भने त्यहाँ गुरु र शिष्यबीच कुनै एकतर्फी नोट डिक्टेसन हुँदैनथ्यो । त्यहाँ त प्रश्न, प्रतिप्रश्न, शंगा र समाधानको गम्भीर मन्थन हुन्थ्यो । गुरु गुण, चेला चिनीको शाश्वत दार्शनिक मान्यताले शिष्य गुरुभन्दा बढी परिष्कृत र बौद्धिक रूपमा अगाडि बढ्नुपर्छ भन्ने विचारलाई स्थापित गर्छ तर पुराना नोट सार्ने, हुकुमी शासन चलाउने परम्पराले चेलालाई कहिल्यै चिनी बन्न दिँदैन । यस्तो भयावह धरातलमा जब विश्वविद्यालयका पदाधिकारी, नीतिनिर्माता र नेतृत्वकर्ताहरू मञ्चमा बसेर 'गुणस्तरीय शिक्षा', 'अनुसन्धानमूलक विश्वविद्यालय' वा प्रमाणपत्रका ठूला-ठूला भाषण दिन्छन् तब ती भाषण केवल निरर्थक, हास्यास्पद र भ्रामक नाटकबाहेक केही ठहरिँदैनन् । जुन विश्वविद्यालयमा नयाँ शिक्षकलाई प्रवेश गर्दा पेशागत धर्म, नैतिकता र शिक्षण विधिको अनिवार्य तालिम दिइँदैन ? जुन विश्वविद्यालयमा ३०औं वर्ष पुराना नोट लेखाउनेहरूलाई नै 'ज्येष्ठ र योग्य प्राध्यापक' मानेर हुकुमी शासन चलाइन्छ, त्यहाँ गुणस्तरीयताको भाषण दिनुभनेको भत्केको जगमाथि उभिएर महलको सुन्दरता बारे गफ हाँक्नु जस्तै हो । तसर्थ यो राष्ट्रिय संकट र बौद्धिक बन्ध्याकरणबाट देशलाई मुक्त गराउनका लागि अब केवल आश्वासन र भाषण होइन, विश्वविद्यालयको संरचना, नीति र शिक्षण दर्शनमै क्रान्तिकारी अपरेसनको खाँचो छ । सर्वप्रथम, स्नातकोत्तर वा विद्यावारिधि उत्तीर्ण गर्नेबित्तिकै कक्षामा पढाउन पाउने व्यवस्थालाई तत्काल रोकिनुपर्छ । विश्वविद्यालय वा क्याम्पसमा प्रवेश गर्नुअघि प्रत्येक शिक्षकका लागि कम्तीमा महिना दिनको अनिवार्य प्राविधिक-पेशागत, नैतिक र शिक्षण-विधिसम्बन्धी सघन तालिम उत्तीर्ण गर्नुपर्ने कानुनी व्यवस्था गरिनुपर्छ । साथै शिक्षकहरूका लागि निरन्तर सेवाकालीन तालिम, अनुसन्धान र लेख-रचनाको प्रकाशनलाई पदोन्नतिको अनिवार्य आधार बनाइनुपर्छ । वर्षदिनमा कति लेख, अनुसन्धान गर्नुपर्ने हो निश्चित गर्ने र त्यो शर्त पूरा नगर्नेहरूलाई ग्रेड वृद्धि रोक्ने । दोस्रो, कक्षाकोठामा शिक्षकले नोट उतार्न लगाउने कार्यलाई नीतिगत रूपमै पूर्णतः प्रतिबन्धित गरिनुपर्छ । शिक्षकको मुख्य काम पाठ्यपुस्तक पढेर सुनाउनु वा नोट लेखाउनु होइन बरू विद्यार्थीलाई विषयवस्तुको गहनताभित्र लैजाने, प्रश्नहरू जन्माउने र खोजमा प्रेरित गर्ने सहजकर्ता बन्नु हो । कक्षाकोठालाई एकतर्फी व्याख्यानथलोबाट बदलेर खुला बहस, केस स्टडी, अनुसन्धान, समूह छलफल र प्रयोगको जीवन्त प्रयोगशाला बनाइनुपर्छ । विद्यार्थीहरूलाई तयारी नोट दिने साटो पुस्तकालयका विविध ग्रन्थहरू अध्ययन गर्न र आफ्नै मौलिक भाषामा निष्कर्ष, विश्लेषण तयार पार्न प्रेरित गरिनुपर्छ । तेस्रो, विद्यालयहरूको परीक्षा तथा मूल्यांकन प्रणालीमा आमूल परिवर्तन नगरिदासम्म सुधार सम्भव छैन । जबसम्म परीक्षामा शिक्षकको नोट वा पाठ्यपुस्तकको उत्तर हुबहु उतार्दा उच्च अंक आउने परिपाटी कायम रहन्छ तबसम्म विद्यार्थी र शिक्षक दुवै नोटकै पछि दौडिरहनेछन् । परीक्षाका प्रश्नहरू स्मरण शक्ति जाँच्ने खालका होइन बरू विद्यार्थीको विश्लेषणात्मक क्षमता, मौलिक चिन्तन र नयाँ परिस्थितिमा सिद्धान्तको प्रयोग गर्ने सामर्थ्य जाँच्ने किसिमका हुनुपर्छ ।

*-इहिमालय डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : व्यक्तिगत विषयले निकास पाउनेछ। जिम्मेवारी पूरा गर्दा आत्मसन्तुष्टि मिल्नेछ। | **तुला**: मन खुसी हुनेछ। सम्बन्धमा विश्वासको आधार बलियो बन्नेछ। |
| **वृष** : घरायसी वातावरणमा रमाइलोपन बढ्नेछ। निजी योजनामा प्रगति हुनेछ। | **वृश्चिक** : आत्मविश्वास बढाउनेछ। घरको भरोसाले मन बलियो बनाउनेछ। |
| **मिथुन** : अचानक बनेको परिचय काम लाग्नेछ। आम्दानीको बाटोबारे सोच बन्नेछ। | **धनु** : आर्थिक लाभको सम्भावना देखिनेछ। प्रेमसम्बन्धमा पुरानो आत्मीयता फर्किनेछ। |
| **कर्कट** : मनको दुविधा हटेर जानेछ। खर्च मिलाउँदा आर्थिक भार घट्नेछ। | **मकर** : जिम्मेवारीप्रति गर्व लाग्ने अवस्था बन्नेछ। पैसा जोगाउने राम्रो सोच आउनेछ। |
| **सिंह** : कामको परिणामले आत्मबल बढाउनेछ। दाम्पत्य जीवनमा हाँसो बढ्नेछ। | **कुम्भ**: काममा रुचि बढ्नेछ। अनलाइन कारोबार वा सम्पर्कबाट फाइदा मिल्नेछ। |
| **कन्या** : व्यापारमा सुधारले राम्रो प्रभाव पार्नेछ। खानाको समय नियमित राख्नुहोस्। | **मीन** : नजिकको व्यक्तिबाट स्नेह पाइनेछ। व्यक्तिगत भविष्यबारे राम्रो आशा जाग्नेछ। |




निबन्ध

सुवास खनाल

# लेखन परिकेन्द्रमा मान्छे

*सयौँ किताबहरूको व्याख्या गर्न तम्तयार हुन्छौँ तर ती किताबका कुनै पानामा लेखिएको कुनै एक हरफ विषयलाई जीवनको कुनै मोडमा प्रयोगपरक र व्यवहारपरक ढङ्गबाट लैजान सक्दैनौँ । अनि यसरी साहित्यले कुन दिन जीवन पाउँछ ? साहित्यभन्दा निकैमाथि मान्छे छ । जब मान्छे सप्रिन्छ तब साहित्य त्यसै सप्रिँदै आउँछ ।*

हेनिङ मेनकलले जुन कुरा भने त्यसले मेरो साह्रै चित्त बुझाइदिएको छ । यी व्यक्ति हुन् -स्विडिस उपन्यासकार । यिनले भनिदिए - “तिनओटा किताब पढ, तीसजना मानिससँग सङ्गत गर किनभने मानिसजस्तो गहिरो किताब अरू केही हुँदैन ” । यही प्रमुख आवश्यकता छ कि समाज र साहित्यबीच जुन स्पेस छ ,त्यो मेटाउनु । साहित्य यस्तो हुनुपर्छ ,त्यस्तो हुनुपर्छ हत्यो पनि होइन । तर यो कहीं न कहीं र कसो न कसो गरी मान्छेहरूले हिँड्ने बाटो भएरै अघि बढ्ने गर्छ । अहिलेको साहित्यको मुल र अजस्र स्रोत मान्छेभन्दा बाहिर पक्कै छैन । मान्छेहरू सँगको सङ्गत -यो निकै कठिनसिद्ध कुरा हो । लाग्नसक्छ यो निकै झिनो र सामान्य विषय हो । तर कवि ,लेखकहरू सबभन्दा बढी यहीं चुक्ने गरेका छन् । यिनीहरू मान्छेसँगको सङ्गतलाई भन्दा लेखकीय ढर्रालाई बढी महत्व दिन्छन् । नेपालका सुप्रसिद्ध कवि भूपि शेरचनलाई “तपाईँलाई कवि लेखकहरूसँगको संसर्ग कस्तो लाग्छ ?” भनी सोद्धा उनले समेत एउटा इन्टरभ्यूमा भनेका छन् - “घिनलाग्दो”। हुन त नेपालको समग्र परिवेश, यहाँका कवि लेखकहरूको ढोडी मानसिकताबाट प्रताडित उनले त्यसो बोल्नु उनको अर्थमा ठीक थियो होला । तर त्यसो भन्दैमा उनी त्यो घेराभन्दा बाहिर उम्किन सम्भव पनि त थिएन । विस्तारै लेखन मान्छेतिर हुँदै स्वकेन्द्रित छ । यसो भनूँ स्वको परिकेन्द्रबाट नै यो संरचित हुँदै यही मान्छेकै परिवृत्तमा प्रमुखत : घुमिरहेको छ । यसैले यो मान्छेको भीडहरूबाट आफूसम्म आइपुग्न मान्छेसँगको हेलमेल अपरिहार्य छ । जब मान्छेले अरूलाई चिन्दैन ,उसले आफूलाई चिन्न पनि असम्भव छ । साहित्य अन्तर्चेतनासँग सम्बद्ध छ । यो अन्तर्चेतना प्राप्ति त्यसै सम्भव छैन । बाह्य संरचनाहरूको विस्तृत र खोजपूर्ण अध्ययनले अन्तर्चेतना प्राप्य हुन सम्भव होला सायद् । नेपाली साहित्य खोजदेखि निकै पर असङ्गत बाँचिरहेछ । मूलत : स्तुतिगान र स्वगानले यसलाई थला बसाएको छ । मान्छेभित्रको रहस्य अलिक अनौठो नै छ । यही रहस्यको वरिपरि साहित्यले फन्का मारिरहँदो रहेछ । यही फन्का मारिरहने कुरामा पुनरावृत्ति अनिवार्य शर्तजस्तो बनेर आउँदो रहेछ । यसैले भावहरूको पुनरावृत्ति सामान्य जस्तो ठहर्छ । तर लेखन शैलीले लेखकको पहिचान गराउँछ । इलियटले सायद् यही कुरा बुझेको हुनुपर्छ । यसको मतलब जहिलेदेखि लेख्न थालियो, त्यहीबेलादेखि मान्छेमन्त्रमा लेखन बाँधिदै गयो र जहिलेसम्म लेखिनेछ त्यसबेलासम्म मान्छे साहित्यमा रहिरहनेछ । साँच्चै मान्छेमाथिको खोज अन्वेषणविनाको लेखन बेअर्थी छ । त्यसैले कवि लेखकहरूको मान्छेसँगको सङ्गत सबभन्दा बलियो हुनुपर्छ । दुनियाँ एकातिर दगुर्दै गर्छ ,साहित्य अर्कोतिर । अहिलेको विश्व विश्लेषणको तरिकाबाट संश्लेषणतिर लागिरहेछ । कम्प्याक्ट भन्छ नि ,हो त्यस्तै । तर यसको अर्थ यो पनि होइन कि विस्तृति आवश्यक छैन । तर मूल रुपेण हामी कम्प्याक्ट रुपमा जानैपर्छ । हामी पछाडि फर्केर उभियौँ भने हाम्रो अगाडि भन्नु नै पछाडि हुन्छ । त्यसैले अहिलेको साहित्य केही न केही रुपमा फरक हुनैपर्छ । यो लेखनक्रममा मान्छेको सघन चिन्तन आवश्यकीय छ । त्यसको निम्ति अबको साहित्य पाँच चेतनातत्वबाट मात्र निर्मित भइरहनेछैन । सिक्स्थ सेन्सको अपरिहार्यतालाई सहज स्विकार्नु पर्छ । र यो जुन अन्तिम सेन्सको कुरा हुँदैछ ,यो पक्कै एब्स्ट्र्याक्टजस्तो भने हुने गर्छ । हामी पचासौँ किताबहरू अध्ययन गर्छौँ । सयौँ किताबहरूको व्याख्या गर्न तम्तयार हुन्छौँ तर ती किताबका कुनै पानामा लेखिएको कुनै एक हरफ विषयलाई जीवनको कुनै मोडमा प्रयोगपरक र व्यवहारपरक ढङ्गबाट लैजान सक्दैनौँ । अनि यसरी साहित्यले कुन दिन जीवन पाउँछ ? साहित्यभन्दा निकैमाथि मान्छे छ । जब मान्छे सप्रिन्छ तब साहित्य त्यसै सप्रिँदै आउँछ । मान्छे र साहित्यलाई जब फरक ढङ्गबाट हेर्ने गरिन्छ र जबसम्म यिनीहरूलाई विपरीत ुवजस्तो बनाइन्छ ,ओहो त्यहीँ त लेखिन्छ नकाम साहित्य । त्यहाँ पुरस्कारहरू हुन्छन् ,त्यहाँ साहित्यिक सै र सङ्गठनहरू हुन्छन् ,त्यहाँ साहित्य लेखिने विषयहरू प्रशस्तै हुन्छन् तर साहित्य हुँदैन । साहित्य अन्तर्चक्षुसँग विशेषत : सम्बद्ध रहने गर्दोरहेछ । जुन कुरा बाहिर देखिन्छ त्यो साहित्यमा जस्ताको त्यस्तै नआउन पनि सक्दोरहेछ । यो सहज र अनुमानसङ्गत मात्र नहुन पनि सक्दोरहेछ । तर साहित्य मानवेतर भएर जान्छ भने त्यो साहित्य रहिरहँदैन । मान्छेको कल्पना र परिकल्पनामा जति कुराहरू आउँछन् ,ती सायदै पुरा हुँदैनन् । कुनै समयका दार्शनिकहरूले प्राचीन धर्मग्रन्थमा उल्लेख गरेका देवताहरू आकाशमा उड्ने प्रसङ्गलाई हवाइजहाज र प्यारासुटका धारणाहरूसँग जोड्न सकिँदोरहेछ । भगवानले आफूबाट शक्ति निकालेर प्रयोगमा ल्याएको विषयलाई आज आइन्स्टाइनको पिण्ड-शक्ति सम्बन्धसँग गाँसेर हेर्न सकिँदोरहेछ । भौतिक विज्ञानले यही त भन्छ- यो ब्रह्माण्डको आदिसत्य नै गतिशील अवस्थाको पदार्थ हो । पदार्थ हराएपछि शक्ति बन्छ र शक्तिको एकत्रीकरण पदार्थ हो । ऊबेला सायद् ती कुराहरू परिकल्पना नै थिए होलान् तर ती आज सत्यता भएका छन् । यसैले मानवीय परिकल्पनाहरू निकै शक्तिशाली छन् । यही परिकल्पनाको साकार स्वरूप साहित्य हो र साहित्य पनि शक्तिशाली रहनुपर्छ । मान्छे ,यो सृष्टिको नयाँ परिष्कार हो । योसँग अनेक चाहना छ । नयाँ खालका जीवन तरिकाहरू छ । प्रत्येक मान्छे अर्कोसँग फरक छ र पनि यिनीहरू जीवनसङ्गती एकअर्काको अनुकूल बनाउँछन् र बाँच्छन् । यस जगतमा विभिन्न प्राणीहरूको अस्तित्व रहेपनि किन मान्छेमात्र विशेष प्रभावी छ र अरूमाथि प्रभाव राख्नसक्छ ? यसैले मान्छेभित्रको रहस्यको उत्खननका निम्ति साहित्यकारहरूलाई मान्छेसँगको सम्बन्ध बढी जरूरी छ । मान्छे बुझ्न मान्छेभन्दा गहिरो पुस्तक अर्को कुनै पनि हुनैसक्दैन । देशमा एकजना राजनेता र एकजना साहित्यकारको सँगै निधन भयो । दुबै आफ्नो समयको चर्चित नै हुन् । राजनेताको तस्वीर जतापनि छापियो । पत्रिकाको कुनाकाप्चा उनैको नाम जप्दै भरिएको थियो तर साहित्यकारको मृत्युको खबर पत्रिकाको कुनै एक कुनामा कुनै सानो कोलम्नमा छापिएको थियो । साहित्यकारहरूको भेलामा वार्तालाप हुँदैथियो - यो देशमा साहित्यकारहरूको कुनै अर्थ छैन । यो देशमा साहित्यकारहरूको कुनै मानसम्मान छैन । साहित्य बुझ्ने हैसियतका मानिस सत्तामा छैनन् । भोलिपल्ट त झन् देशमा राजनेताको नाममा शोकविदा दिइयो ,त्यहाँ ती साहित्यकारको नाम कहीँ कतै जोडिएन । यस दिन त साहित्यकारहरूको भीड - साहित्यकारहरूलाई देशले सम्झिँदो रहेनछह भन्दै थिए । तर उनीहरूले यो सोच्दै थिएनन् कि त्यो देशमा राजनीतिबाहेक अरू कुनै क्षेत्रको उन्नति भएको नै छैन । र त्यो राजनीतिको प्रकार पनि कुनै अन्य ठाउँको राजनीतिसँग पटक्कै मेल नराख्ने खालको छ । यसको मतलब अब यी साहित्यकारहरूमा पनि लेखनमा भन्दा बढी विश्वास सम्मान र अभिनन्दनमा लाग्न थालिसकेको छ र विस्तारै राजनीतिमा लाग्न थालिसकेको छ । हो यहीँदेखि अब भूल सुरु हुन्छ र साहित्यको कुरुप र विकृत रुपको नग्न आकृति देखा पर्न सुरु हुन्छ । जब सुरु गर्छ मान्छेले मान्छेलाई सम्मान गर्न आफ्नो स्व र अन्तरदेखिह तब त हराएर जान्छ - जहाँतहीँ देखिने विकृतिका कलेवरहरू । जब सुरु गर्छ मान्छेले मान्छेलाई मान्छे देख्न तब भत्किन्छ मान्छेहरूको बीचमा बनेका अजङ्गका पर्खालहरू र मेटिन थाल्छ मान्छेहरूका बीचमा कोरिँदै गएका वारपारका सिमानाहरू । अनि त पस्न सक्छन् सबै मानिसहरू पूजा गर्न एउटै मन्दिरमा र त्यसबेला नित्सेले बनाएर गएको भगवान सबभन्दा बढी शक्तिशाली भएर आउनेछ , जुन मान्छेकै अवतार हो र मान्छेभन्दा निकै माथि पुगिसकेको हुनेछ । कविहरू जराथुस्त्रजस्तै मान्छेको गाथा गाउँदै हिँडिरहेका हुनेछन् । जब मान्छे हुनेछ मान्छेजस्तो ,यसको सग्लो अस्तित्वजस्तो तब त लेखिन सक्छ समयको असल गीत , सत्यताको गहिरो कथा , नैतिकताको शक्तिशाली कविता । आजको मान्छेले सबैभन्दा पहिले यो सोच्न सकोस् ,कि उसले जुन यथार्थ भोगिरहेको छ त्यो यथार्थ उसको मात्र हो वा सबैको ? यदी सबैको हो भने मान्छेमान्छेका बीचमा यत्ति धेरै सीमानाहरू किन जरुरत छ ? किन टुक्रिन चाहिरहेछ मान्छेहरूदेखि मान्छे ? हाम्रो एक रूप सबभन्दा राम्रो हाम्रो परिचय हैन र ? यसैले आजको साहित्य मान्छेहरूदेखि फुटिकएर कुनै टाढासम्म यात्रा गर्न सक्दैन । प्रिय मेनकल साँच्चै हो -मानिसजस्तो गहिरो किताब अरू केही हुँदैन ।

***-समकालिन साहित्य डटकम***

कथा

मणि लोहनी

# प्रेममा तिमी नै सही थियौ, परिमित !

परिमितका तीन कुरा औधी राम्रा थिए । पहिलो उनको लेखाइ । दोस्रो उनको व्यवहार । र तेस्रो उनको शरीर । उसले उनलाई चिनेको नै उनको लेखाइले हो । उनीसँग नजिक भएको उनको व्यवहारले । उनकै शरीरले लोभ्याएर हो ऊ उनीसँग यति झ्याम्मिएको । परिमित काठमाडौंमा संघर्ष गर्न होइन, पढ्न आएकी । पछि पढ्नभन्दा बढी संघर्ष गर्न मन पराइन् । विदेशी लेखिकाका केही किताबहरू पढेपछि भावुकताबस उनलाई त्यस्तो लागेको हुनुपर्छ । उनका दाइ निजामती सेवाको प्रतिष्ठित पदमा कार्यरत थिए । आमा बा पनि सम्पन्न । तराईमा प्रशस्त जग्गाजमिन थियो । उनको भागमा मात्रै दुई बिघा जमिन छ भन्थिन् । दिदीलाई र उनलाई परिवारले छुट्याइदिएको रे । बाबु राजनीति गर्थे रहरले । बाबुमा कुनै लप्पन छप्पन थिएन । सबैलाई सहयोग गर्दागर्दै नेता बनिगए । बेलाबेलामा परिवारको कुरा गरेपनि उनी बाँच्ने त एक्लै हो भन्थिन् । नपुग केही थिएन । तर काठमाडौंमा दुःख देखिने गरी बसेकी थिइन् । शहरभन्दा अलि पर सामान्य घरमा एउटा सानो कोठा थियो उनको । चार हजारको सानो खाट, पातला सिरक डस्ना, सानो टेबुल, एउटा चुल्हो भएको ग्यास । ल्यापटप होइन पुरानो मोडेलको कम्प्युटर थियो उनीसँग । जमानामा आफैले किनेकी । हल्का टाइप गर्न र गीत सुन्न मिल्थ्यो । भन्थिन्, ‘म आफै कमाउँछु र आफै बाँच्छु ।’ महिनाको १५ दिन उनी यही रट्थिन् । घर बहाल तिर्ने बेला दाइले पठाएको पैसा लिन बैंक पुग्थिन् । १५ दिन केही शान्त हुन्थिन् र फेरि उही पुरानै हुटहुटी । भन्थिन्, ‘म आफै बाँच्न सक्छु । के सोच्छन् मान्छेहरू ? के म केही गर्न सक्दिन ? मेरो दाइ मलाई केटाकेटी सम्झिन्छ । हेर, एकदिन म मेरो परिवारलाई केही गरेर देखाउँछु ।’ यसो भनिरहँदा उनी घरबाट ल्याएको चामल र दाल पकाएर उसलाई खुवाउँदै हुन्थिन् । ‘तिम्ले पक्कै पनि केही गरेर देखाउनु पर्छ परिवारलाई । अरु केही गर्न नसके पनि बिहे गरेर देखाउनु पर्छ, परी ।’ ऊ जिस्किन्थ्यो र उनी उसलाई कुट्न लखेट्थिन् । एउटा सानो कोठामा कहाँ भाग्नु ? उनी भेट्टाइ हाल्थिन् र उसलाई एक मुड्की कुट्न पनि भ्याउथिन् । तीस नपुगेकी उनी । ठुलठुला कुरा गर्थिन् । आफै केही गर्नुपर्छ भन्थिन् । उनी नयाँ किताबको तयारी गर्दै थिइन् । पाएसम्म नयाँ किताब पढ्ने उनी, पढ्दै र लेख्दै गर्न सक्थिन् । उनको यो क्षमता उसलाई असाध्यै मन पर्थ्यो । आफूले लेखेको केही पानाहरू उनले उसलाई पढेर सुनाइन् । प्रेमको आत्मिक सन्दर्भको चर्चा थियो लेखाइमा । उनले मनलाई महत्त्व दिएर नायिकालाई बोल्न लगाएकी थिइन्, ‘तिमी जीवन र यौवनलाई प्रेम भन्ठान्छौ होला तर म मृत्यु र जीवनलाई प्रेम भन्छु । म प्रेम मनमा अनुभूत गर्छु र तिमी शरीरमा ।’ उसले प्रतिवाद गर्‍यो, ‘शरीर र मन छुट्याउने कुरा होइन । प्रेम गर्नेले मनलाई पनि प्रेम गर्छ शरीरलाई पनि । फेरि प्रेम भनेको अनुभूति मात्र होइन स्पर्श पनि हो, परिमित ।’ उनी मान्न तयार भइनन् । भनिन्, ‘प्रेम गरेको मानिस अनुभूतिमा नै सुन्दर देखिन्छ ।’ ‘प्रेम गरेको मानिस नाङ्गो पनि प्रिय लाग्छ ।’ उसले भन्यो, ‘प्रेम नगरेको नाङ्गो शरीर सोच्न पनि सकिँदैन । मानिसलाई सुन्दर बनाउने प्रेमले हो । अझ नाङ्गो शरीरको शृङ्गार हो प्रेम ।’ उनी अझै मान्न तयार भइनन्, ‘तिमी यौनको कुरा गरिरहेका छौ ।’ उसले भन्यो, ‘कसैको उपस्थिति विना, मात्र अनुभूतिमा कसैलाई प्रेम गर्नु पूजा गर्नु हो । त्यो माया होइन । जुन हामी भगवान्सँग मात्र गर्छौँ । मानिस सुखी हुनलाई पूजा होइन प्रेम चाहिन्छ, परिमित । ’ उसको कुरामा उनले सहमति जनाइनन् । तर पहिलो पल्ट प्रतिवाद पनि गरिनन् । यहीनेर उसलाई आफ्नो कुराले उनलाई छोएको आभास भयो । त्यसपछि उनले प्रेम र यौनको भिन्नताका बारेमा सोधिन् । उसले भिन्नता होइन समानताको कुरा गर्‍यो । भन्यो, ‘प्रेम भनेको मन र शरीर छुट्याएर गर्ने कुरा होइन ।’ उनी लाडिइन् । ऊ चुप लाग्यो । उनी पनि केही बोलिनन् । उनको शरीर पहिलोपल्ट उसले त्यही दिन देखेको । शरीरसम्मको यो यात्राले यी दुईलाई अझ आत्मीय बनायो । ‘तिमीले मलाई एकदमै बिथोलिदियौ । म कस्तो शान्त पोखरीजस्तो थिएँ । अहिले हरघडी तिमीलाई सम्झिन्छु । खहरेभन्दा चर्को भयो ।’ एक साँझ उनले उसलाई फोन गरिन् । ऊ हाँस्यो मात्र । उसलाई केही बोल्नुपर्छ जस्तो पनि लागेन । के बोल्ने थाहा नै भएन । तैपनि ‘किन त्यस्तो भयो त ?’ भनेर सोध्यो । ‘लगातार ढुङ्गा हान्ने काम जो तिमीबाट भइरहेको छ ।’ ‘मैले पोखरीमा ढुङ्गा हानेको होइन, परी । पोखरीको पानी पिएको मात्र हुँ । तरङ्ग त पोखरीमा पहिले नै थियो । पोखरीमा छचल्किएको त्यही तरङ्गले त हो नी मलाई तिमीसम्म तानेको ।’ ऊ हाँस्यो । ‘अब के के हुने हो थाहा छैन ।’ यसो भनेर उनले फोन राखिन् । अब के हुन्छ, उसलाई पनि थाहा थिएन । तर त्यो रात परिमितले उसलाई पनि खहरे नै बनाइदिइन् । पछिल्ला दिनहरूमा एकअर्काको शरीर दर्शन उनीहरूलाई सहज भयो । यसबीचमा उनले कथाहरू पनि लेख्न थालेकी थिइन् । कथामा खुलेर यौनको कुरा गर्न थालेकी थिइन् । उनको प्रेमको परिभाषा नै बदलिएको थियो । मनमा अनुभूत गर्ने प्रेमभन्दा उनी माथि उठेकी थिइन् । भन्थिन्, ‘प्रेमका लागि तिमी मेरो शिक्षक हौ ।’ ऊ हाँसिदिन्थ्यो । ऊ सोच्थ्यो, यो सामान्य कुरा । भावुक र एकाङ्की केटीहरू जे मा पनि भावुक बनिदिन्छन् । साँझमा उदास हुनु, दुई चार एसएमएस गर्नु या च्याटमा बस्नु, रात रातभर गीत सुन्नु या केही लेख्नु अनि बिहान अबेलासम्म सुत्नु उनको दिनचर्या थियो । दाइले पैसा पठाइहाल्थ्यो । दिनभरि साहित्यिक कार्यक्रम, लाइब्रेरी या पुस्तक पसलमा बिताउँथिन् । तर पनि ‘म आफै बाँच्न सक्छु । केही गरेर देखाउँछु’ भन्न छोड्दिनथिइन् । बन्द कोठाको चार दिवारीमा अनौपचारिक उनीहरूको सम्बन्ध बाहिर भने अत्यन्त भद्र हुने गर्थ्यो । यसो गर्न उसले नै सिकाएको थियो उनलाई । उनले मानेको प्रेमको शिक्षक जो ठहरियो । एक दिन उनले दिलाशाको कुरा गरिन् । बोर्डिङकी एक शिक्षिकाको । त्यसो त दिलाशाको कुरा उनी पहिले पनि गर्थिन् । पुरुषलाई अत्यधिक घृणा गर्ने दिलाशा उनको मिल्ने साथी थिइन् । भन्थिन्, ‘दिलाशाले म तिमीसँग हिँडेको बोलेको पनि मन पराउँदिन । केटाहरू मतलबी हुन्छन् भन्छे । तर मलाई तिम्रो नजिक भइरहन मन लाग्छ ।’ तर त्यो दिन दिलाशाको कुरा उनको मुखबाट सुनेपछि उसलाई लाग्यो, दिलाशा त नपत्याउँदी रहिछ । उनको शरीरको दर्शन उसले मात्र होइन दिलाशाले पनि गर्दिरहिछ । ‘के गरेकी त्यस्तो ?’ ‘दिलाशाले के के गर्थी । म नाइँ भन्नै सक्दिनथेँ । मन नपरे पनि सहन्थेँ म’ उनी माया लाग्दी देखिइन् । ‘उसको व्यवहारले मलाई लेख्ने विषय पनि मिलेको छ । महिला समलिङ्गीहरूको बारेमा अब म लेख्न सक्छु नि ।’ ए भावुक लेखिका । उनको लेखनप्रतिको यो आकर्षण उसलाई बुझिनसक्नु लाग्यो । दिलाशासँगको सम्बन्धलाई उनले नै सामान्य रूपमा लिएपछि उसले मात्र किन असामान्य रूपमा लिनु ? भन्यो, ‘तिमी त कति भाग्यमानी । पुरुष महिला दुवैको अनुभव लिन पायौ । यस्तो अनुभव बिरलैले मात्र पाउँछन् ।’ ‘मलाई त केटा नै मन पर्छ । दिलाशा साथी हो नाइँ भन्न सक्दिनँ । मलाई पाइन भने मर्छु भन्छे ।’ ‘तिमीलाई मन पर्दैन भने किन भन्न सक्दिनौ त ? मर्न देऊ न उसलाई ।’ ऊ सम्भवत: पहिलोपल्ट झर्कियो परिमितसँग । एक दिन अकस्मात् परिमित बिरामी भइन् । ऊ हतार हतार अस्पताल पुग्यो । उसले सधैँ एक्लो भेटेकी उनी परिवारले घेरिएकी थिइन् । कोही केही बोलिरहेका थिएनन् । उसले सोध्ने आँट पनि गरेन । ‘परी भित्र आइसीयूमा छे ।’ उनको दाइले भन्यो, ‘डाक्टरहरूले भगवान्लाई प्रार्थना गर्नू भनेका छन् ।’ उनको परिवारसँग उसको राम्रो चिनजान थिएन । आइसीयू बाहिरपट्टिको लबीमा एक्लै बस्यो । र भगवान्लाई प्रार्थना गर्न थाल्यो । केही प्रहरीहरू आए र दाइसँग कुरा गरे । दाइको आवाज उसले सुनेन तर अनुहार आत्तिएको देख्यो । दाइ प्रहरीसँगै हिँडे र उसलाई पनि बोलाए । ऊ प्रहरी र दाइको पछि पछि लाग्यो । दिलाशाले यस्तो गर्छे भनेर उसले सोचेको समेत थिएन । समलिङ्गी आदत भएकी यी महिला उसलाई परिमितको मिल्ने साथीभन्दा बढ्ता अरु केही लाग्दैनथ्यो । तर प्रहरी चौकीमा दिलाशाको बयान सुनेपछि ऊ हैरान भयो । स्वास्नीमान्छेको यस्तो हिंसक रूप उसले कल्पना पनि गरेको थिएन । उनीसँग बलजुती अनैतिक सम्बन्ध राख्दै आएकी दिलाशाले उनलाई विवाहको प्रस्ताव गरिछ । उनले मानिनन् । मान्ने कुरा पनि भएन । उनको आफ्नै प्रेमी थियो । विदेशमा पढ्न गएको । शरीर दर्शनका क्रममा उनी पटक पटक आफ्नो प्रेमी सम्झिँदै ऊसँग जिस्केकी थिइन्, ‘उसको लागि साँचेको शरीर तिमीलाई दिएँ ।’ ‘मैले शरीर लिएको हैन परी, दर्शन मात्र गरेको ।’ उसको कुरा सुनेर उनी हाँस्थिन् । ऊ अझ मायाले च्याप्थ्यो उनलाई । ‘तिमी मेरी हुदिनौ भने कसैको पनि हुन दिन्नँ ।’ भनेर दिलाशाले उनको घाँटी अठ्याइछ र उनी बेहोश भएपछि आफैले अस्पताल ल्याएर परिवार र प्रहरीलाई खबर गरिछ । साँझसम्ममा लेखिका परिमित नरहेको खबर रेडियो र टिभीहरूले फुक्न थाले । उसलाई असह्य भयो । एक घण्टाजस्तोमा नै पोस्टमार्टम गरिएको उनको शरीर लिएर परिवारसहित ऊ पनि पशुपति आर्यघाट पुग्यो । बहिनीको खुशी र रहरका लागि एक्लै बस्न समेत दिने उनको दाइ भक्कानिएर रुँदै थिए । प्रेम शरीरमा होइन मनमा हुन्छ भन्ने उसलाई अनुभूत भयो । दिव्यज्ञान आत्मबोध भएजस्तो उसलाई महसुस भयो, प्रेममा उनी नै सही थिइन् । उनले भन्ने गरेजस्तै प्रेम अनुभूतिमा हुँदो रहेछ । उसलाई लाग्यो, उसले उनको शरीरलाई होइन उनलाई प्रेम गरेको रहेछ । उसले आफूलाई रोक्नै सकेन । भक्कानियो ऊ र दुवै हात जोडेर अन्तिमपल्ट दर्शन गर्‍यो परिमितको जल्दै गरेको नाङ्गो शरीरलाई ।

***-साहित्यपोष्ट डटकम***

# तानसेन होमस्टे समितिको साधारण सभा



**पाल्पा,** असोज १४/ तानसेन होमस्टे समितिले सातौं साधारण सभा मनाएको छ । समितिले तानसेनमा एक औपचारिक कार्यक्रम गरी साधारण सभा मनाएको हो ।

सभाको तानसेन नगरपालिका -३ का वडा अध्यक्ष बाबुरत्न शाक्यले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै उनले तानसेनको पर्यटन विकासमा होमस्टेको भूमिका महत्वपूर्ण रहेको बताए । आफ्नो वडामा सञ्चालित होमस्टे पर्यटनसम्बन्धी गतिविधिबारे विभिन्न कार्यक्रममा जानकारी गराउन पाउँदा आफू गौरवान्वित भएको उल्लेख गर्दै उनले संस्थालाई आवश्यक सहयोगका लागि वडा प्रतिबद्ध रहेको बताए । संस्थाका निवर्तमान अध्यक्ष मनमोहन श्रेष्ठले होमस्टे पर्यटनको थप विस्तारसँगै तानसेनमा पर्यटकीय गतिविधि बढाउनुपर्नेमा जोड दिए । उनले स्थानीय पर्यटनलाई बलियो बनाउन होमस्टे र अन्य पर्यटन व्यवसायबीचको सहकार्य आवश्यक रहेको बताए ।तानसेन होमस्टेमा छैटौंपटक भ्रमण गरेका फ्रान्सेली पर्यटक जोरोमे डेजाङ्गलोइसले यहाँका स्थानीयको व्यवहार र आतिथ्यताको प्रशंसा गरे । तानसेनका नागरिक सहयोगी, दयालु र हँसिला रहेको बताउँदै उनले पर्यटकप्रतिको स्थानीयको आतिथ्य भावनाले आफूलाई प्रभावित बनाएको अनुभव सुनाए । संस्थाका अध्यक्ष धनिश्वर बस्यालले १६ वर्षदेखि निरन्तर सञ्चालनमा रहेको होमस्टे अभियानले तानसेनमा पर्यटकको आगमन बढाउन र स्थानीय अर्थतन्त्र चलायमान बनाउन योगदान पुऱ्याएको बताए । उनले पर्यटकलाई प्रदान गरिने आतिथ्य सेवालाई थप परिस्कृत गर्दै लैजानुपर्नेमा जोड दिए । सभामा संस्थाले गत वर्ष पर्यटन प्रवर्द्धनका क्षेत्रमा गरेका गतिविधिको समीक्षा गर्दै आगामी योजनासहितको वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । कोषाध्यक्ष मेघनाथ भण्डारी 'कमल'ले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । सोही अवसरमा तानसेनको पर्यटन क्षेत्रमा योगदान पुऱ्याएका साथै तानसेन होमस्टे समितिको संस्थागत विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै निवर्तमान अध्यक्ष मनमोहन श्रेष्ठलाई समितिले सम्मानपत्रले सम्मान समेत गरेको थियो । सभाले होमस्टे पर्यटनलाई थप व्यवस्थित र गुणस्तरीय बनाउँदै तानसेनलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न आगामी दिनमा सेवा सुधार, पर्यटन प्रवर्द्धन र सहकार्यलाई प्राथमिकता दिने जनाएको छ । समितिका अध्यक्ष धनिश्वर बस्यालको अध्यक्षता,सचिव सुनिता श्रेष्ठको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

### भुटानमाथि घरेलु टोली गण्डकीको दोस्रो जित



**काठमाडौं,** असोज १४/ पोखरा भ्रमणमा रहेको भुटान क्रिकेट टोलीमाथि घरेलु टोली गण्डकी प्रदेशले लगातार दोस्रो जित निकालेको छ । पोखरा रंगशालास्थित क्रिकेट मैदानमा बुधबार भएको खेलमा गण्डकीले भुटानलाई ६४ रनले पराजित गऱ्यो । यसअघि मंगलबार भएको पहिलो अभ्यास खेलमा गण्डकीले भुटानलाई ८ विकेटले पराजित गरेको थियो । गण्डकीले दिएको १९७ रनको लक्ष्य पछ्याएको भुटान १७ ओभर ४ बलमा १३२ रनमा समेटियो । भुटानका लागि सोनाम चोपेलले सर्वाधिक ४३ रन बनाएपनि जितका लागि पर्याप्त हुन सकेन । ताशी दोर्जीले ३१, तेन्जिन राब्गेले २१, नामगाङ चोजेले ६, नाम्गे थिन्लेले १, रञ्जुङ मिक्यो दोर्जीले २, थिन्ले जम्त्सोले १७, ताशी चोपेलले ४ रनको योगदान दिँदा गाकुल कुमार घाले र ताशी फुन्छोले कुनै पनि रन बनाउन सकेनन् । सोनाम येशे एक रनमा अविजित रहे । बलिङमा गण्डकीका कप्तान विपिन खत्रीले सर्वाधिक ४ विकेट लिए । उनले ३ ओभर ४ बलमा २२ रन खर्चिए । दीपककुमार डुम्रेले ३, सिब्रिन श्रेष्ठले २ र सन्दीप खत्री क्षेत्रीले एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङ थालेको गण्डकीले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १९६ रन बनाएको थियो । गण्डकीका लागि सिब्रिन र करण पंगेनीले उत्कृष्ट साझेदारी गरेका थिए । ४५ रनमा ४ विकेट गुमाएको गण्डकीका लागि सिब्रिन र करणले ८८ रनको साझेदारी गरे । करणले २७ मा ४५ र सिब्रिनले २४ मा ४५ रन बनाए । सन्दीपले ९ बलमा अविजित ३० रन जोडे । अर्जुन कुमाल २, मुस्कान थापामगर २१, समीर कँडेल १, दीपक डुम्रे १९ र रोहित चन्द २० रनमा आउट हुँदा अभिषेक थापा २ रनमा अविजित रहे ।

## अर्थ/कर्पोरेट समाचार

### सुन-चाँदीको मूल्य बढ्यो




**पाल्पा,** असोज १४/नेपाली बजारमा बुधबार सुनचाँदीको मूल्य बढेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार आज सुनको मूल्य प्रतितोला २ हजार ८०० रुपैयाँले बढेको हो ।

यससँगैछापावाल सुन प्रतितोला २ लाख ९३ हजार ३०० रुपैयाँमा कारोबार भइरहेको छ । मंगलबार सुनको मूल्य घटेर प्रतितोला २ लाख ९० हजार ५०० रुपैयाँमा कारोबार भएको थियो । यस्तै, चाँदीको मूल्य पनि बढेको छ । चाँदी तोलामा ३० रुपैयाँले बढेर प्रतितोला ४ हजार ४२५ रुपैयाँ पुगेको छ । हिजो मंगलबार चाँदी प्रतितोला ४ हजार ३९५ रुपैयाँमा कारोबार भएको थियो ।

# गौतम बुद्ध विमानस्थल...

..."यति ठूलो सम्भावना बोकेको विमानस्थलमा कम्तीमा एउटा वायुसेवाको नियमित उडान सञ्चालन गर्न सरकारले पहल गर्न सक्छ । तर, विगतमा त्यो हुनसकेन", उनले भने, "नयाँ सरकार बनेपछि केही आशा पलाएको छ । सरकारले भैरहवाको विमानस्थललाई प्राथमिकतामा राखेर पहल गर्नुपर्छ ।" प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले कार्यभार सम्हालेपछि रुपन्देहीका पर्यटन तथा उद्योग व्यवसायीले विमानस्थल सञ्चालनको विषय पुन: उठाउँदै आएका छन् । व्यवसायीका प्रतिनिधिमण्डलले प्रधानमन्त्रीदेखि संस्कृति, पर्यटन तथा नागरिक उड्यनमन्त्रीसम्म भेट गरी विमानस्थल सञ्चालन र नियमित अन्तरराष्ट्रिय उडानका लागि पहल गर्न आग्रह गरेका छन् । यहीबीच पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा ्लाई दुबईले सेप्टेम्बर २३ देखि दुबई-पोखरा दैनिक उडान सुरु गरेको छ । बोइङ ७३७ म्याक्स-८ विमानमार्फत सुरु भएको उक्त उडानले पश्चिम नेपालमा अन्तरराष्ट्रिय हवाई सम्पर्क विस्तारको नयाँ सम्भावना देखाएको छ । पोखरामा अन्तरराष्ट्रिय उडान सुरु भएपछि भैरहवाका व्यवसायीमा पनि गौतम बुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट पुन: नियमित उडान सुरु हुने अपेक्षा बढेको छ । पोखरा र भैरहवा दुवै पश्चिम नेपालका महत्त्वपूर्ण अन्तरराष्ट्रिय विमानस्थल भएकाले सरकारले दुवै विमानस्थललाई नियमित अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोड्न आवश्यक पहल गर्नुपर्ने व्यवसायीको भनाइ छ । गौतम बुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट हालसम्म ६९ हजार ३७७ यात्रुले अन्तरराष्ट्रिय सेवा लिएका छन् । यस अवधिमा एक हजार २२२ वटा सेड्युल तथा चार्टर अन्तरराष्ट्रिय उडान भएका छन् । ती उडानबाट विभिन्न मुलुकबाट ३१ हजार ९३२ यात्रु नेपाल आएका छन् भने ३७ हजार ४४५ यात्रु बाहिरिएका छन् । विमानस्थलबाट पछिल्लोपटक सन् २०२६ मार्च २५ मा थाइ एयर एसियाले बैङ्कक-भैरहवा र भैरहवा-बैङ्कक उडान गरेको थियो । उक्त उडानबाट बैङ्कबाट १४ यात्रु भैरहवा आएका थिए भने भैरहवाबाट १०६ यात्रु बैङ्कक गएका थिए । गौतम बुद्ध अन्तरराष्ट्रिय विमानस्थलका सूचना अधिकारी पवन अग्रहरीका अनुसार त्यसयता विमानस्थलमा कुनै अन्तरराष्ट्रिय उडान भएको छैन । तत्कालका लागि अन्तरराष्ट्रिय उडानको नयाँ सेड्युलसमेत प्राप्त नभएको उनले बताए । "माथिल्लो तहबाट के तयारी भइरहेको छ भन्नेबारे हामीलाई जानकारी छैन । तत्काल अन्तरराष्ट्रिय उडान हुने सेड्युल भने छैन", उनले भने । विमानस्थलमा अन्तरराष्ट्रिय वायुसेवा आकर्षित गर्न सरकारले पार्किङ तथा इन्धनलगायतका क्षेत्रमा विभिन्न छुट तथा सहुलियतको व्यवस्था गरे पनि विमानस्थलबाटै अन्तरराष्ट्रिय यात्रुका लागि आवश्यक कतिपय सेवा सहज रूपमा उपलब्ध हुन नसकेको व्यवसायीको भनाइ छ । भिसा सेन्टर, नो अब्जेक्सन लेटर, स्वास्थ्य परीक्षण, बिमा, म्यानपावरलगायतका सेवा सम्बन्धित कार्यालयबाट उपलब्ध हुन नसक्दा विमानस्थल सञ्चालनको वातावरण पूर्ण रूपमा तयार हुन नसकेको उनीहरूको गुनासो छ । व्यवसायीका अनुसार अन्तरराष्ट्रिय विमानस्थल सञ्चालन भएपछि लुम्बिनी आउने विदेशी पर्यटकको सङ्ख्या बढ्ने, होटल तथा पर्यटन व्यवसाय विस्तार हुने, रोजगारी सृजना हुने र भैरहवा आसपासको व्यापारिक गतिविधि बढ्ने अपेक्षामा निजी क्षेत्रले लगानी गरेको हो । तर, नियमित उडान नहुँदा ती अपेक्षा पूरा हुनसकेका छैनन् । रुपन्देहीबाट प्रतिनिधित्व गर्ने सांसदहरूले समेत सैयौं संसद्मा पटकपटक गौतम बुद्ध अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनको विषय उठाउँदै आएका छन् । व्यवसायीले भने संसद्मा आवाज उठाउनेदेखि सडक आन्दोलनसम्मका प्रयास गर्दा पनि विमानस्थल नियमित सञ्चालनको ठोस आधार बन्न नसकेको बताएका छन् । विमानस्थलको धावनमार्ग, टर्मिनल भवनलगायतका प्रमुख पूर्वाधार तयार छन् । विमानस्थल सञ्चालनका लागि निजी क्षेत्रले होटल तथा अन्य पर्यटन पूर्वाधारमा समेत लगानी गरिसकेको छ । तर, नियमित अन्तरराष्ट्रिय उडान नहुँदा तयार पूर्वाधारको पूर्ण क्षमतामा उपयोग हुनसकेको छैन । अहिले रुपन्देहीको निजी क्षेत्रको मुख्य चासो विमानस्थल निर्माणको विषयभन्दा पनि नियमित अन्तरराष्ट्रिय उडान कसरी सुनिश्चित गर्ने भन्नेमा केन्द्रित छ । पोखरामा ्लाई दुबईको नियमित उडान सुरु भएपछि भैरहवामा पनि त्यस्तै गरी कम्तीमा एउटा अन्तरराष्ट्रिय वायुसेवाबाट नियमित उडान सञ्चालन गराउन सकिने आशा व्यवसायीले गरेका छन् । लुम्बिनी बुद्ध जन्मस्थल हुनुका साथै पश्चिम नेपालका प्रमुख पर्यटकीय गन्तव्यसँग जोडिएको क्षेत्र भएकाले गौतम बुद्ध अन्तरराष्ट्रिय विमानस्थललाई नियमित अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोड्न सके त्यसको प्रभाव लुम्बिनीको पर्यटनसँगै रुपन्देहीको उद्योग, व्यापार र सेवा क्षेत्रमा समेत पर्ने व्यवसायीको अपेक्षा छ । राज्यको ठूलो लगानीमा निर्माण भएको विमानस्थल, निजी क्षेत्रको ठूलो लगानी र लुम्बिनीको अन्तरराष्ट्रिय पर्यटन सम्भावनालाई एकै ठाउँमा जोडेर हेर्दा अब गौतम बुद्ध अन्तरराष्ट्रिय विमानस्थललाई नियमित उडानमा ल्याउने ठोस पहलको प्रतीक्षा भइरहेको छ । व्यवसायीका लागि यो केवल एउटा विमानस्थल सञ्चालनको विषय नभई वर्षौंदेखिको लगानी, रोजगारी र लुम्बिनीको पर्यटन विकाससँग जोडिएको विषय बनेको छ ।


## वर्गिकृत डिस्प्ले

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिर्तुङ्गधारा गा.वि.स.-६ सिखर, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. 5746105 K का HAV राम बहादुर थापा (ना.प्र.मा राम बहादुर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा मनसरा मगर्नी र जन्म मिति सन् १९५७ मे ५ (वि.स.२०१४/०१/२३) र नेपाली नागरिकता प्रमाणपत्रमा रवि माया थापा भन्ने मनसरा मगर्नी, जन्म मिति वि.स. २०१३/०२/०४ (सन् १९५६ मे १७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक देउराली गा.वि.स.-३ डुम्रेपोखरा, हाल रिब्दीकोट गाउँपालिका-२ निवासी भारतिय भू.पू.सैनिक नं. 5243688 K का TS/NK खुम बहादुर थापा (ना.प्र.मा खुम वहादुर सारु) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा मान कुमारी थापा र जन्म मिति सन् १९६२ अगष्ट १५ (वि.स.२०१९/०४/३१) र नेपाली नागरिकता प्रमाणपत्रमा मान कुमारी सारु, जन्म मिति वि.स. २०१८/०१/१० (सन् १९६१ अप्रिल २२) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक बौघा पोखराथोक गा.वि.स.-३ नामीकुवा, हाल रिब्दीकोट गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. 5039320 A का NK मुक्त बहादुर थापा (ना.प्र.मा मुक्त बहादुर वगाले मगर) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा अम्विसरा र जन्म मिति सन् १९५४ जुलाई १२ (वि.स.२०११/०३/२८) र नेपाली नागरिकता प्रमाणपत्रमा फुलसरा वगाले भन्ने अम्विसरा, जन्म मिति वि.स. २००५/०५/१५ (सन् १९४८ अगष्ट ३०) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।


**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय:कैलाशनगर-५.तानसेन.पाल्पा.फोन:०७५-५२०६०१.E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९. पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई. सम्पादक: रामचन्द्र रायमाझी. प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई